# बिपन्न बिरामी नागरिक औषधि उपचार कोष संचालन कार्यविधि, २०८३

कार्यपालिका बैठकद्वारा पारित मितिः २०८३/०५/१३

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८३/०५/१६

**प्रस्तावनाः**

सिलीचोङ गाउँपालिकाका न्यून आर्थिक अवस्था भएका नागरिक, दीर्घरोगी, जटिल गर्भवती, सुत्केरी, नवजात शिशु तथा शीघ्र कुपोषित बालबालिकालाई आकस्मिक प्रेषण र औषधी उपचारमा राहत सहयोग उपलब्ध गराउनको लागि सिलीचोङ गाउँपालिकाको जनस्वास्थ्य ऐन, २०८३ को दफा २४ बमोजिमको आकस्मिक स्वास्थ्य सेवा कोष संचालन गर्नका लागि ऐ.ऐ. ऐनको दफा २४(३) र दफा ७८ वमोजिम कार्यपालिकाले **"विपन्न बिरामी नागरिक औषधि उपचार कोष सञ्चालन कार्यविधि, २०८३"** तर्जुमा गरी जारी गरेको छ।

**१) संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस कार्यविधिको नाम **" बिपन्न बिरामी नागरिक औषधि उपचार कोष संचालन कार्यविधि, २०८३"** रहेको छ।

१.२ यो कार्यविधि गाउँकार्यपालिकाको स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

१.३ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कडा रोग"** भन्नाले मुटु, मृगौला, क्यान्सर, स्पाइनल इन्जुरी, हेडइन्जुरी, जटिल प्रकृतिका गर्भवति, प्रसब तथा सुत्केरी अवस्थाका आमाहरु, नवजात शिशु तथा अति शिघ्र कुपोषित बच्चाहरु ( जसलाई प्रेषण गरि आकस्मिक सेवा प्रदान गरि उपचार गर्नुपर्ने) आदिबाट पीडित भएका कडा रोगहरु सम्झनु पर्छ।

(ख) **"नवजात शिशु"** भन्नाले जन्मेको २८ दिनसम्मको शिशुलाई सम्झनुपर्दछ।

(ग) **"सुत्केरी अवस्था"** भन्नाले शिशु जन्मेको ४२ दिनभित्रको सुत्केरी आमा सम्झनुपर्दछ।

(घ) **"विपन्न नागरिक"** भन्नाले, सिलीचोङ गाउँपालिकामा बसोबास गर्ने अति गरिव आर्थिक अवस्था कम्जोर भइ उपचार खर्च जुटाउन नसक्ने, नागरिक हरुलाई सम्झनु पर्ने छ।

(ङ) **"कोष"** भन्नाले विरामी नागरिक औषधि उपचार कोष सम्झनु पर्छ।

(च) **"स्थानीय तह"** भन्नाले सिलीचोङ गाउँपालिका सम्झनु पर्छ।

(छ) **"सिफारिस समिति"** भन्नाले दफा ३ को उप दफा (४) मा गठित सिफारिस समिति सम्झिनु पर्छ।

(ज) **"शाखा"** भन्नाले सिलिचोङ गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्छ।

(झ) **"आर्थिक प्रशासन शाखा"** भन्नाले गाउँपालिकाको आर्थिक प्रशासन शाखा सम्झनु पर्छ।

२) विरामीले औषधी उपचार सहुलियत प्राप्त गर्न अनुसूची १ र २ बमोजिम स्थायी बसोबास रहेको संबन्धित वडा कार्यालयमा निबेदन दिई सिफारिस लिनुपर्दछ र दफा ४ बमोजिमका सिफारिस समितिमा पेश गर्नु पर्नेछ।

३) विरामीले अनुसूचि १ बमोजिमको सिफारिस मागेको बखत आवश्यक कागजात पुरा भएमा सम्बन्धित वडाले तुरुन्त उपलब्ध गराउनु पर्नेछ।

४) विरामी नागरिकलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनका लागि सिफारिस गर्न गाउँपालिकामा देहायको सिफारिस सिमिति रहनेछ।

| | |
|---|---|
| क) गा.पा. अध्यक्ष | संयोजक |
| ख) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

५) दफा ४ बमोजिमको सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) विरामी नागरिकले उपचारको लागि आवश्यक कागजात सहित दिएको निवेदन संकलन गर्ने,

ख) तोकेको समय भित्र अनुसूचि ३ को ढाँचामा निर्णय गर्नुपर्ने, तर सम्बन्धित अस्पताल वा स्वास्थ्य स्रस्थाबाट उपचारका लागि सिफारिस वा प्रेस्कृप्सन गरेको कागजात पत्र अनिवार्य आवश्यक हुनेछ ।

ग) आवश्यक कागजात प्राप्त भैसकेपछि सिफारिस समितिको अनुसूचि ३ को ढाँचाको बैठकबाट निर्णय गरि निर्णय प्रतिलिपि सहित विरामी उपचार सहुलियत राहत रकमका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

घ) सिफारिस गर्दा एक जना बिरामीका लागि एक पटक मात्र सहायता गर्नु पर्नेछ ।

**६) सेवा लिने प्रकृया :**

क) बिरामी नागरिकले कडा रोगको उपचार सहुलियत लिनको लागि अनुसूचि १ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन दिई वडा कार्यालयबाट सिफारिस लिनु पर्ने छ ।

ख) अनुसूचि १ बमोजिमको सिफारिस, चिकित्सकको प्रेस्किप्सन, नगरिकता प्रमाण पत्रको प्रतिलिपि र निवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

ग) अनुसूची २ बमोजिमको निवेदन तथा आवश्यक कागजात प्राप्त भएपश्चात गाउँपालिकाले दफा ४ बमोजिमको समितिले सो उपर आवश्यक जाँचबुझ गरी निवेदकलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनका लागि अस्पतालको प्रिस्क्रिसन अनुसार बिरामीको अवस्थाको मुल्याङ्कन गरी यस राहत रकम उपलब्ध गर्नुपर्ने छ ।

घ) अनुसूची ४ बमोजिम सहयोग रकम औषधि उपचारका लागि सहयोग रकम निर्धारण गरिएको छ ।

**७) दोहोरो सुविधा लिन नहुने :** एक व्यक्तिलाई १ पटक भन्दा बढी यस्तो सुविधा उपलब्ध गराइने छैन् । दोहोरो सेवा उपलब्ध गराइने छैन ।

**८) निरिक्षण, अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्था :**

विरामी नागरिकहरुलाई औषधी उपचार सेवा प्रदान गर्ने कार्यको अनुगमन गर्न गाउँपालिकाको सामाजिक विकास समिति, सिफारिस समिति र आर्थिक प्रशासन शाखाका प्रतिनिधिहरुको एक संयुक्त संयन्त्रले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

**९) लेखा परिक्षण गराउनु पर्ने :**

गाउँपालिकाले विरामी नागरिक कोषबाट सहायता गरि उपचार गरेका नागरिकहरुको विवरण, खर्च विवरण चुस्तदुरुस्त राखी प्रचलित कानुन बमोजिम लेखा परिक्षण गराउनु यस गाउँपालिकाको कर्तव्य हुनेछ ।

**१०) कारबाही हुने :**

१. यस कार्यविधि विपरित कार्य गर्नेलाई गाउँपालिकाको कार्यपालिकाबाट प्रचलित कानुन बमोजिम कार्बाही हुनेछ ।

२. यस कार्यविधि विपरित सेवाग्राहीले कार्य गरेमा सहायता रकम रोक्का गरी कानुनी कार्बाही चलाउन सक्नेछ ।

११) **कोषको वित्तिय व्यवस्थापन :**

(१) गाउँपालिकामा विरामी नागरिक कोष सम्बन्धी कार्य गर्नको लागि छुट्टै एउटा कोष रहने छ र सो कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

(क) स्थानीय सरकारले बार्षिक रुपमा विनियोजन गरेको रकम ।

(ख) नेपाल सरकार र प्रदेश सरकारले विनियोजन गरेको रकम ।

(ग) दातृ संस्थाहरुले सहयोग स्वरुप प्रदान गरेको रकम

(२) कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(३) कोषको प्रशासनिक व्यवस्थाः

कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँ कार्यपालिकाको कर्मचारीबाट संचालन गरिनेछ ।

अनुसूचि –१

विरामी नागरिक आवेदन तथा सिफारिस फाराम
दफा २ सँग सम्बन्धित

श्रीमान अध्यक्ष ज्यू

सिलिचोङ गाउँपालिका वडा नम्बरः......

संखुवासभा

देहाय बमोजिम विवरण भरी विपन्न विरामी नागरिक औषधी उपचार सहुलियतका लागि अनुरोध गर्दछु ।

| | | |
|---|---|---|
| १ | वैयक्तिकः<br>बिरामीको नाम उमेर......... लिङ्ग........<br>ठेगाना : जिल्ला .................पालिका .................वडा नं...<br>परिवार संख्या : ........... | |
| २ | आयश्रोत : पेशा र व्यवसाय<br>परम्परागत कृषी<br>रोजगारी (स्वादेशी/ विदेशी)<br>अनुमानित मासिक आय : | |
| ३ | जग्गा जमिन :<br>भौतिक संरचना :(घर/टहरा) कच्ची/पक्की | |
| ४ | बिरामीको रोगको किसिम : मुटू रोग, मृगौला रोग, क्यान्सर, मातृ तथा नवशिशु जटिल समस्या, हेड इन्जुरी, कम्प्लीकेटेड फल इन्जुरी, स्पाइनल इन्जुरी, जटिल किसिमका गर्भवति/प्रसब/सुत्केरी, अति शिघ्र कुपोषित र अनाथ, वेवारिसे तथा संरक्षक नभएका सिकिस्त विरामी | |
| ५ | संलग्न कागजातहरु :<br>क. बिरामीको नगरिकताको प्रतिलिपि (बालकको हकमा जन्म दर्ताको प्रतिलिपि)<br>ख. रोग निदान भएको अस्पतालको प्रेस्क्रिप्सन<br>ग. वडा कार्यालयको सिफारिस | |
| ६ | उपचार सहुलियतका लागि सिफारिस माग गरेको अस्पताल | |
| ७ | उपर्युक्त बमोजिमको व्यहोरा साचो हो झुटा ठहरे सहुँला बुझाउला ।<br>निवेदकको नाम :<br>ठेगाना :<br>दस्तखत :<br>मिति :<br>सम्पर्क नम्बर : | |
| ८ | सिफारिसको व्यहोरा :<br><br>सिफारिस गर्ने : हस्ताक्षर .........................<br>नाम :<br>पद :<br>दर्जा :<br>मिति :<br><br>कार्यालयको छाप : | |

अनुसूचि –२

विरामी नागरिकले आवेदन गाउँपालिकामा पेश गर्ने
दफा ६ उपदफा ग सँग सम्बन्धित

मितिः २०८  ।  ।

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,

सिलीचोङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

संखुवासभा ।

विषयः बिपन्न नागरिकलाई औषधि उपचार बापत आर्थिक सहयोग पाउँ भन्ने बारे ।

महोदय,

प्रस्तुत विषयमा संखुवासभा सिलीचोङ गाउँपालिका वडा नं.           निबासी म/मेरो
वर्ष       ना.प्र.नं.                /जन्म दर्ता नं.                को                लाई
कडा रोग लागि/भइ

केन्द्र/अस्पताल                मा उपचार गराइरहेको र घरको आर्थिक अवस्था अत्यन्त नाजुक भएकोले औषधि उपचारका लागि आर्थिक सहयोग पाउँ भनि आवश्यक तपशिल बमोजिमका कागजात पत्र यसै पत्रसाथ संलग्न गरि यो निबेदन पेश गरेको छु ।

तपशिलः

१. बिरामीको नागरिकताको प्रतिलिपि

२. अस्पतालको रोगको पहिचान भएको चिकित्सकको प्रिस्क्रिप्सन वा सिफारीस पत्र

३. वडाको बिपन्न भएको नागरिकको सिफारिस पत्र

४. निबेदक बिरामीको हकदार भएमा नागरिकता वा परिचय खुल्ने पत्रको प्रतिलिपि

निबेदकः
नाम थरः
ठेगानाः
बिरामी संगको नाताः
सम्पर्क नम्बर

अनुसूचि ३

आज मितिः.................................गतेका दिन **बिपन्न बिरामी नागरिक औषधि उपचार कोष संचालन कार्यविधि, २०७९** अनुसार आर्थिक रुपले बिपन्न नागरिकलाई औषधि उपचार खर्च उपलब्ध गराउने प्रयोजनको लागि गाउँपालिका स्तरमा रहने सिफारिस समितिको संयोजक श्री ...........................................ज्यूको अध्यक्षतामा बसेको सिफारिस समितिका बैठकमा निम्न पदाधिकारीको उपस्थितिमा निम्न निर्णय गरियो ।

सिफारिस समिति संयोजक श्री ..................................

सिफारिस समिति सदस्य श्री...................................

सिफारिस समिति सदस्य सचिब श्री...................................

निर्णयः

यस गाउँपालिका अन्तर्गत स्थायी वतन भएका निम्न व्यक्तिहरु बिरामी भई उपचाररत रहेकोमा आर्थिक कारण देखाई निःशुल्क उपचारको लागि सिफारिस पाउँ भनि दिनुभएको साथ संलग्न कागजात अनुसार कार्यविधिमा उल्लेख भए बमोजिमको कडा रोग लागेको साथै सम्बन्धित वडाको सिफारिस बमोजिम बिपन्न वर्गको नागरिक भई औषधि उपचार गर्न नसक्ने देखिएकोले निःशुल्क उपचारको/आर्थिक सहयोगको लागि अस्पताल वा स्वास्थ्य संस्थाको सिफारिश, आवश्यक काजजात अनुसार निजको रोगको प्रकृति अनुसार तपशिलमा उल्लेखित औषधि उपचार बापतको रकम सहयोग गर्न सिफारिस गरि पठाउने निर्णय गरियो ।

| क्र. सं. | बिरामीको नाम थर | स्थायी वतन | ना.प्र.प.नं. | उमेर | अस्पताल/स्वास्थ्य संस्थाको प्रेस्क्रिप्सन र सिफारिश अनुसार बिरामीको बिबरण | बिरामीको प्रकृति खुलेको वडाको सिफारिस पत्रको च.नं. र मिति | कार्यविधिको मापदण्ड अनुसार विरामीलाई सहयोग गर्न सकिने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूचि ४

दफा ६ को (घ) बमोजिम सहयोग रकम औषधि उपचारका लागि निम्नानुसार निर्धारण गरिएको छ :

१. मृगौला प्रत्यारोपण/डायलाइसीस/मृगौला रोग उपचारका लागि बढिमा रु. २५,०००। सम्म ।

२. क्यान्सर उपचारका लागि बढिमा रु. ३०,०००। सम्म ।

३. मुटुरोग शल्यकृयाको लागि बढिमा रु. ५०,००० सम्म ।

४. हेड इन्जुरी/स्पाइनल इन्जुरी/कम्प्लीकेटेड फल इन्जुरी उपचारका लागि बढिमा रु.३०,०००। सम्म ।

५. गर्भावस्था, प्रसव अवस्था र सुत्केरी अवस्थामा प्रेषण गरिएका उपचारका लागि बढिमा रु.१५,०००। सम्म ।

६. नवशिशु लाई सिकिस्त भै खतराका अवस्थाबाट बचाउन प्रेषण गर्नुपर्ने अवस्थामा बढिमा रु.१५,०००। सम्म ।

७. मानसिक दीर्घ रोगीहरुलाई प्रेषण गरि उपचारका लागि बढिमा रु. १५,०००। सम्म ।

८. प्रेषण गर्नुपर्ने अति शिघ्र कुपोषित बच्चाहरुका लागि बढिमा रु. ५,०००। सम्म ।

९. अनाथ, वेवारिसे तथा संरक्षक नभएका सिकिस्त विरामीको उपचार खर्चका लागि बढिमा रु. ५०,०००। सम्म ।

(नोटः -उक्त अवस्थाका विरामीहरु जिल्ला बाहिर उपचार सेवामा लैजानुपर्ने अवस्थामा मात्र यो सेवा उपलब्ध हुनेछ, सो रकम दोहोरो पर्ने गरी उपलब्ध गराइने छैन )